आज मिति २०७५ साल कार्तिक महिनाको १५ गते बिहीवारका दिन दिनको ठिक १.०० बजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्ग ज्यू को अध्यक्षतामा बसी तपशिल बमोजिमका प्रस्तावहरु माथि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

तपशिल :

श्री किसान गुरुङ्ग , नगर प्रमुख , सदस्य (नगर कार्यपालिका )
श्री सबिता रसाईली , नगर उपप्रमुख ,सदस्य (नगर कार्यपालिका)
श्री रवि चन्द्र पौडेल, सदस्य (नगर कार्यपालिका)
श्री जगत बहादुर गुरुङ्ग ,सदस्य (नगर कार्यपालिका)
श्री राम कुमार श्रेष्ठ ,सदस्य (नगर कार्यपालिका)
श्री शिव कुमार श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)
श्री दिर्घ बहादुर थापा, सदस्य (नगर कार्यपालिका)
श्री कृष्ण बहादुर पौडेल, सदस्य (नगर कार्यपालिका)
श्री सम बहादुर क्षेत्री थापा, सदस्य (नगर कार्यपालिका)
श्री कृष्ण प्रसाद रेग्मी, सदस्य (नगर कार्यपालिका)
श्री लोक नारायण श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)
श्री रामचन्द्र भण्डारी, सदस्य (नगर कार्यपालिका)
श्री दल बहादुर थापा, सदस्य (नगर कार्यपालिका)
श्री मनराज गुरुङ्ग, सदस्य (नगर कार्यपालिका)
श्री दानु अधिकारी सापकोटा, सदस्य (नगर कार्यपालिका)
श्री गिता महत, सदस्य (नगर कार्यपालिका)
श्री विष्णुमाया ढकाल लम्साल, सदस्य (नगर कार्यपालिका)
श्री रिता कुमारी भुजेल थापा, सदस्य (नगर कार्यपालिका)
श्री सानुमाया महत, सदस्य (नगर कार्यपालिका)
श्री कुल बहादुर भुजेल, सदस्य (नगर कार्यपालिका)
श्री खिम बहादुर कुमाल, सदस्य (नगर कार्यपालिका)
श्री भरत लामगादे, सदस्य (नगर कार्यपालिका)
श्री मोहन प्रसाद मरासिनी ,प्र.प्र.अधिकृत एवम सचिव ( नगर कार्यपालिका )
श्री नवराज शर्मा , सि. डि. ई.

अन्य उपस्थिति :

श्री हिमा पोखेल, प्रशासकीय अधिकृत ( सामान्य प्रशासन शाखा )

प्रमुख

Scanned by CamScanner

निर्णय नं. १ : संघीय प्रतिनिधी सभा तनहूँ क्षेत्र नं. २ का माननीय सांसद श्री केदार सिग्देलले स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७५ बमोजिम खर्च गर्न पाउने रकमका लागि सोही नियमावलीको नियम ८ को परिधिभित्र रही देहायका योजनाहरु छनौट गरि सिफारिस गर्ने निर्णय गरियो ।

तपशिल :

१.शुक्लागण्डकी नगरपालिका वडा नं. ११ जुडिफाँट देखि दशगाहा हुदै हरिनाश हरिनाश गाउपालिका जोडिने बाटोको स्तर सुधार,

२.ढोरबाराह मन्दिर महतपार्कबाट मन्दिर प्रवेश गेट सम्मको पैदलमार्ग विस्तार, स्तर सुधार तथा सार्वजनिक शौचालय निर्माण ,

३ मदन आश्रित मोटरमार्ग , किर्ती रजस्थल मोटर मार्ग नाली निर्माण,

४ पर्यटकीय गाउँ भुजिकोट दगाम ,(होम स्टे , र शौचालय निर्माण )

५ शहिद कृष्ण क्याम्पसको अधुरो भवन सम्पन्न गर्न ,

निर्णय नं. २ : भुकम्प पुन निर्माण प्राधिकरणबाट भुकम्प पिडितहरुका लागि दोश्रो किस्ता निकासी गर्न आफ्नै नाममा जग्गाधनी प्रमाणपुर्जा भएको हुनुपर्ने व्यवस्थाका कारण आफ्नो नाममा जग्गाधनी प्रमाणपुर्जा भएका लाभग्राहीहरु किस्ता पाउनबाट बञ्चित भएकोले कुनै व्यक्ति वा संघ संस्थाबाट लेनदेन गरिएका प्रमाणका आधारमा घर निर्माण गरि बसेको भएमा र त्यो कुरा संम्बन्धित वडाबाट प्रमाणित गराई ल्याएमा त्यस्ता लाभग्राहीलाई किस्ता भुक्तानी दिन भुकम्प पुन निर्माण प्राधिकरणलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : शुक्लागण्डकी नगरपालिका क्षेत्रभित्र छाडा रहेका पशु चौपायहरुको व्यवस्थापनका लागि नगरसभाबाट रु. ७०००००।० विनियोजन भएको हुनाले हाललाई सोही रकमबाट पुग्ने सम्मको गौशाला व्यवस्थापन सम्बन्धी आवश्यक पुर्वाधार तयार पार्न रुपान्तरण बहुउदेश्यीय उद्यम प्रा.लि संग सम्झौता गरि कार्य अघि बढाउने निर्णय गरियो ।

निर्णय नं. ४ : नगरपालिकाबाट बाटो निर्माण गर्ने क्रममा शु.न.पा १० निवासी राजेन्द्र मल्लको घर वर्षामा पहिरो गै घर र चर्पीमा क्षति पुगेको हुदा सो को रोकथामका लागि रु १०,०००।० राहत स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ५ : शुक्लागण्डकी नगरपालिका वडा नं. ६ र ७ भित्रको फोहरमैला सम्बन्धित वडाले संकलन गरि व्यवस्थापन गरे बापत भएको खर्च भुक्तानीका वडाबाट माग भै आएकोले खर्च रकम रु १८४९६।०० (अठार हजार चार सय छयानब्बे ) भुक्तानी दिने निर्णय गरियो । साथै वडा नं. ७ को वडा कार्यालय संचालन गर्न महिला सहकारीको भवन रंगरोगन गर्दा भएको खर्चको बील बमोजिको रकम भुक्तानी दिने निर्णय गरियो ।

प्रमुख

Scanned by CamScanner

शुक्लागण्डकी नगरपालिका नगर कार्यपालिकाको कार्यालय दुलेगौंडा, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

निर्णय नं. ६ : नगर कार्यपालिका र मातहत कार्यालयमा कार्यरत कृषि, पशु विकास सेवा तर्फ कार्यरत कर्मचारीहरुको तलव सम्बन्धित निकायबाट निकासा नआएका कारण ०७५ श्रावण देखि नै भुक्तानी दिन नसकिएको हुनाले सम्बन्धित निकायको अनुरोध बमोजिम सोधभर्ना हुनेगरी हाललाई नगरपालिकाको आन्तरिक श्रोतबाट भुक्तानी दिने । साथै शिक्षकको तलवपनि पछि सोधभर्ना हुने गरी नगरपालिकाको आन्तरिक श्रोतबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ७ : शुक्लागण्डकी नगरपालिका भित्र पर्ने क्यांदी नदीको ढुङ्गा, गिटी, बालुवा उत्खनन् तथा निकासीका लागि बोलपत्र आब्हान भएकोमा कुनै पनि बोलपत्र नपरेको हुनाले उक्त नदीको नदीजन्य पदार्थ चोरी निकासी पनि हुन नदिने र नगरपालिकालाई आय पनि हुने गरी के कसरी संचालन तथा व्यवस्थापन मिलाउन सकिन्छ शु.न.पा वडा नं. ८, १० र ११ ले छलफल गरी आगामी कार्यपालिका बैठकमा राय पेश गर्न जिम्मेबारी दिने निर्णय गरियो ।

निर्णय नं. ८ : नगर यातायात गुरुयोजना निर्माण तथा न.पा का गौरवका योजना पहिचान गरि डि.पि.आर निर्माण गर्ने विषयमा छलफल गरि योजनाबद्ध तरिकाले अगाडी वढ्ने निर्णय गरियो । साथै नगर यातायात गुरुयोजना निर्माण गर्न आन्तरिक श्रोतबाट रु १० लाख विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ : नगरपालिकामा रहेका सबै सडक, खोला, डिल, धार्मिक, सांस्कृतिक एवम् ऐतिहासिक सम्पदाहरुको निश्चित मापदण्ड तोक्ने कार्य अगाडी वढाउने साथै यस्का लागि सवै वडाका वडाध्यक्ष ज्युहरुको संयोजकत्वमा सम्बन्धित प्राविधिक सहितको वडा समितिको वैठकबाट मापदण्डको प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १० : प्रमुख प्रशासकीय अधिकृतले हाल प्रयोग गरिरहेको निवास (क्वाटर ) मा प्रमुखको सहयोगी समेत बस्नुपर्ने भएको कारण हाल प्रयोग भै रहेको कोठामा थप १ कोठा थप गरि कोठा भाडा सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ : शुक्लागण्डकी नगरपालिकाको ग्रामिण भेगमा रहेका सार्वजनिक तथा सामुदायिक बनहरुमा पर्याप्त मात्रामा जडिबुटी रहेको र ती जडिबुटीहरुको संरक्षण तथा प्रबर्द्धन गर्न सके स्थानीय स्तरमा रोजगारी सिर्जना समेत गर्न सकिने भएकोले जडिबुटी संकलन केन्द्र स्थापना, जडिबुटी उद्यान, अर्गानिक खेति प्रबर्द्धन प्रशिक्षण केन्द्र र अर्गानिक मलखाद स्थापनाका लागि उपयुक्त स्थानमा नगरपालिकाले जग्गा उपलब्ध गराई पतञ्जली योगपीठसंग सहकार्य गरी अगाडी बढ्ने कार्यपालिकाको मिति २०७५ असोज १७ गतेका निर्णय अनुसार पतञ्जली योगपीठ हरिद्वारसंग छलफल तथा परामर्श गर्नुपर्ने भएकोले तिहार पछि नगर प्रमुख श्री किसान गुरुङ्ग, र प्रमुख प्रशासकिय अधिकृत मोहनप्रसाद मरासिनी

प्रमुख

Scanned by CamScanner

२ दुई जना सदस्य
हरिद्वार जाने निर्णय गरियो । साथै यसरी भ्रमणमा जादाँ लाग्ने नियमानुसारको भ्रमणखर्च नगरपालिकाबाट उपलब्ध गराउने निर्णय गरियो ।

प्रमुख

शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौडा, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णय प्रमाणित
२०७८।८।१६
प्रमुख प्रशासकीय अधिकृत